## अनुसूची १

### उम्मेदवारले पेश गनुपर्ने कार्ययोजना सहितको निवेदन र आवश्यक कागजातहरू

१. निवेदन

२. वैयक्तिक विवरण (Curriculum Vitae)

३. कलेजको व्यवसायिक कार्ययोजना (कलेजको बिधान, नियम र कार्यविधि अनुसार कलेजको विकास गर्ने व्यवसायिक कार्ययोजना कम्तिमा २५०० देखि बढीमा ३००० शब्दसम्म)

व्यवसायिक मार्ययोजनामा समावेश हुनुपर्ने बुँदाहरू : (५० अङ्क)

क) कलेजको वर्तमान अवस्थाको विश्लेषणः शैक्षिक, भौतिक, आर्थिक, सामाजिक र अन्य पक्षको विश्लेषण (१० अङ्क)

ख) गुणस्तरीय शिक्षा प्रवर्धन योजना : प्राध्यापकक्षमता अभिबृद्धि, प्राध्यापक सामाग्री विकास, विद्यार्थी सङ्ख्या र शैक्षिक गुणस्तर बृद्धिमा (१० अङ्क)

ग) पूर्वाधार विकास : भौतिक पूर्वाधार विकास, आधुनिक प्रयोगशाला स्थापना, पुस्तकालय सुदृढीकरण, प्राविधिक पूर्वाधार विकास, सुरक्षित र स्वच्छ वातावरण निर्माण (१० अङ्क)

घ) विद्यार्थी वृत्ति विकास र सहभागिता : विद्यार्थी परामर्श सेवा, विद्यार्थी वृत्ति विकास कार्यक्रम, विद्यार्थी सहभागिता सुनिश्चित, विद्यार्थी कल्याण कार्यक्रम, (५ अङ्क)

ङ) अनुसन्धान र प्रकाशन : अनुसन्धान, संस्कृति प्रवर्धन, प्रकाशन कार्यक्रम, सैमिना र गोष्ठी आयोजना (५ अङ्क)

च) संस्थागत अनुशासन : पारदर्शीता र जवाफदेहिता, सूचना प्रविधिको प्रयोग, कर्मचारी क्षमता विकास (५ अङ्क)

छ) दिगो विकास : आर्थिक दिगोपना, समावेशी शिक्षा, समुदायसँगको सम्बन्ध (५ अङ्क)

**कार्ययोजनाका साथ पेश गर्नुपर्ने कागजातहरू :**

क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

ख) मधेश प्रदेश भित्र स्थायी बसोबास गरेको खुल्ने कागजातको प्रतिलिपि

ग) मान्यता प्राप्त विश्वविद्यालयबाट कुनै विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरेको प्रमाणपत्रको प्रतिलिपि । विदेशी विश्वविद्यालयबाट अध्ययन गरेको भए सम्बन्धित निकायको समकक्षताको प्रमाणपत्रको प्रतिलिपि

घ) ३० वर्ष उमेर पूरा भई ५५ वर्ष ननाघेको खुल्ने कागजातको प्रतिलिपि

ङ) व्यवस्थापन, प्रशासनिक, तथा शिक्षाको क्षेत्रमा स्नातकोत्तर गरी कम्तिमा पाँच वर्षको कामको अनुभवका सम्बन्धमा सम्बन्धित संस्थाबाट अनुभव खुलेको प्रमाणित कागजातको प्रतिलिपि साथै नियुक्ति पत्रको प्रतिलिपि

च) कुनै पनि फौजदारी अभियोगमा अदालतबाट कसुदार नठहरिएको स्वःघोषणापत्र (कुनै कानुनले अयोग्य नठहरिएको भनि उल्लेख गर्ने) ।